"समुन्नत कञ्चन, सुखी कञ्चनवासी"

गाउँपालिका उपाध्यक्ष श्री मौसमी थापा मगरज्यूबाट गाउँसभामा प्रस्तुत भएको

# आ.व. २०८१/८२ को
# बजेट वक्तव्य, आर्थिक विधेयक, २०८१
# तथा
# विनियोजन विधेयक, २०८१

## कञ्चन गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### कञ्चन-२, रूपन्देही

२०८१ आषाढ १० गते

**सभाका सभाध्यक्षज्यू,**
**गाउँसभाका सदस्यज्यूहरू,**

१. यस गरिमामय गाउँसभाको १६ औं अधिवेशनको दोस्रो बैठकमा कञ्चन गाउँपालिकाको उपाध्यक्षको हैसियतले आगामी आर्थिक वर्ष २०८१/८२ को बजेट प्रस्तुत गर्न उपस्थित भएको छु ।

२. यस अवसरमा लोकतन्त्र प्राप्ति तथा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको लागि समय-समयमा भएका राजनीतिक आन्दोलनमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात शहीदप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै विभिन्न कालखण्डका आन्दोलनहरुमा घाईते तथा अपाङ्गता भएका व्यक्तिहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

३. संघीय लोकतान्त्रिक शासन व्यवस्था अनुसार राज्यको पुनःसंरचना भएपश्चात गठित दोस्रो स्थानिय सरकारमा प्रतिनिधित्त्व गरेको दुई वर्ष पुरा भई तेस्रो वर्षका लागि यसै सम्मानित सभाबाट पारित नीति तथा कार्यक्रमको जगमा रहि आगामी वर्षको बजेट प्रस्तुत गर्न गईरहेका छौ ।

४. कोभिड-१९ पछिको विश्वव्यापी अर्थतन्त्रमा परेको संकुचन तथा रसिया युक्रेन युद्ध लगायतका अन्तर्राष्ट्रिय कारणबाट समग्र हाम्रो देश र यस स्थानीय तहको बजेट प्रणालीमा समेत असर पर्दै गईरहेको छ । स्थानीयबासीका असिमित आवश्यकता बाबजुद सिमित स्रोतका माध्यमबाट प्राथमिकताका आधारमा अधिकतम लाभ सिर्जना हुने गरी बजेट प्रस्तुत गर्ने जमर्को गरेको छु।

५. कञ्चन गाउँपालिकामा देखिएका समस्या एवं चुनौतीलाई सम्बोधन गर्दै कञ्चन गाउँपालिकाको अर्थतन्त्रलाई गतिशील बनाउने, निजी

क्षेत्रको मनोबल उच्च पार्ने, दिगो एवं फराकिलो आर्थिक वृद्धि सहितको सबल अर्थतन्त्र निर्माण गर्ने तर्फ आगामी आर्थिक वर्षको बजेट निर्देशित गरेको छु । गाउँपालिकाबासीको विकास र समृद्धिको चाहनालाई सम्बोधन गर्ने तथा सीमान्तकृत तथा पछाडि परेका वर्ग, क्षेत्र, लिङ्ग र समुदायलाई आर्थिक लाभको पहुँचमा पुऱ्याउने तर्फ बजेट तथा कार्यक्रम लक्षित गरेको छु।

६. गाउँपालिकाबासीको बृहत्तर हितलाई केन्द्रविन्दुमा राखी नेपालको संविधान, नेपाल सरकारको सोह्रौ पञ्चवर्षीय योजना, दिगो विकासका लक्ष्य, कञ्चन गाउँपालिकाको आवधिक योजनाको सोच, गाउँ सभामा प्रस्तुत गरिएको विनियोजन विधेयकमा समावेश हुने गाउँपालिकाको बजेट तथा कार्यक्रमका सिद्धान्त र प्राथमिकता, गाउँपालिकाको नीति तथा कार्यक्रमलाई आधार लिई बजेट तर्जुमा गरेको छु।

७. बजेट तर्जुमा गर्दा गाउँपालिकाको नीति तथा कार्यक्रम, आवधिक योजनाको लक्ष्य, सिद्धान्त र प्राथमिकताबीचको सामञ्जस्यतालाई जोड दिएको छु। राजनीतिक दलका घोषणापत्रहरू, गाउँसभाका सदस्य, विकास साझेदार, निजी क्षेत्र, नागरिक समाज, विद्वत वर्ग तथा आम नागरिकबाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गरेको छु।

८. समतामूलक आर्थिक समुन्नती र उदार लोकतन्त्रलाई संस्थागत गरी संघीयताको लाभ आम नागरिकमा समन्यायिक तवरले वितरण गर्न तथा लोकतान्त्रिक मूल्य र मान्यताहरू नागरिकको जीवनमा अनुवाद गर्न अन्तरसरकारी व्यवस्थापन प्रभावकारी हुन आवश्यक ठानेको छु।

९. भविष्यमा आइपर्न सक्ने विपद् तथा महामारीको कुशल व्यवस्थापन गरी जनताको जिउधनको सुरक्षा गर्न स्थानीय सरकार जनताको सबैभन्दा नजिकको/घरदैलोको सरकार भएको हुँदा जनताको चाहना

र हाम्रो क्षमता बिच सन्तुलन कायम गर्न सन्तुलित र समानुपातिक विकास गर्दै सोको प्रतिफललाई संस्थागत गर्न कञ्चन गाउँपालिका प्रतिवद्ध छ।

**सभाध्यक्ष महोदय,**

१०. आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा मैले गाउँपालिकावासीको आर्थिक सामाजिक हित प्रवर्द्धनका लागि नेपाल सरकार एवं प्रदेश सरकारसँगको समन्वय र सहकार्यमा श्रोत साधनको समन्यायिक वितरण मार्फत सबैलाई समान अवसर स्थापित गर्ने कुरामा विशेष जोड दिएको छु।

११. दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पुरा गर्न संघीय शासन व्यवस्था अवलम्बन गरिए सँगै कञ्चन गाउँपालिका स्थापना भएको ७ वर्ष पुरा भई सकेको छ। यस अवधिमा गाउँपालिकाको आर्थिक तथा सामाजिक क्षेत्रमा महत्त्वपूर्ण आधारशिला निर्माण भइरहेको छ।

१२. शासन व्यवस्था र शासकीय क्रियाकलापमा नागरिकको सहज पहुँच र सहभागिता अभिवृद्धि हुनुका साथै गाउँपालिकाप्रति नागरिकको अपनत्त्व स्थापित हुदै गएको छ। विभेद, वञ्चितीकरण र वहिष्करणमा परेका समुदायका नागरिकको सम्मानजनक सामाजिक जीवनको सिर्जना भइरहेको छ। नागरिकको वास्तविक मर्म बुझी सार्वजनिक सेवा प्रवाहलाई घरदैलोमा नै पुऱ्याउने गाउँपालिकाको लक्ष्यमा आशातित प्रगति भइरहेको छ।

१३. गुणस्तरीय सेवा प्रवाह, भ्रष्टाचार नियन्त्रण, सचेत समाज निर्माण, विकासको छनोट, वितरण लगायत हरेक तहमा हरेकको अर्थपूर्ण सहभागिता र सुशासन प्रवर्द्धनमा गाउँपालिका प्रतिवद्ध रहेको छ ।

१४. बजेट विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय अनुशासनका लागि राजनीतिक संयन्त्र, व्यवसायी, कर्मचारीतन्त्र र समाजको सहयोगमा पालिकामा उपलब्ध प्राकृतिक तथा मानवीय लगायत सबै प्रकारका स्रोत र साधनको कुशलतापूर्वक परिचालन र उपयोग गर्दै सुशासन, विकास र समृद्धि मार्फत नागरिकको जीवनस्तरमा सकारात्मक एवं गुणात्मक परिवर्तन गर्दै **"समुन्नत कञ्चन, सुखी कञ्चनवासी"**को अभियानमा गाउँपालिका अग्रसर छ ।

**सभाका आदरणीय सभाध्यक्ष ज्यू,**

१५. अब म चालु आ.व.को जेष्ठ मसान्त सम्मको यथार्थ आय-व्ययको संक्षिप्त रुपमा विश्लेषण गर्न चाहन्छु ।चालु आ.व.मा कुल **रु.५५ करोड ९८ लाख ९३ हजार ६ सय ८३** रुपैयाको संसोधित बजेट अनुमान प्रस्तुत भएकोमा हाल सम्म चालु तर्फ **७५.९४ प्रतिशत**, पुँजिगत तर्फ **६४.२६ प्रतिशत** गरी समग्रमा **७२.०४ प्रतिशत** खर्च भएको अवस्था छ । आम्दानी तर्फ संघीय सरकार वित्तीय समानीकरण अनुदान तर्फ उपलब्ध भएको सिमा रकममा हाल सम्म जम्मा **७४ प्रतिशत** र संघीय सरकार राजश्व बाँडफाँड अनुदान तर्फ **७५ प्रतिशत** रकम मात्र उपलब्ध हुनाले कतिपय सम्पन्न भएका योजना तथा कार्यक्रमहरुको समयमै भुक्तानी हुन नसक्दा भौतिक प्रगति उत्साहजनक देखिएता पनि वित्तीय प्रगति आशातित रुपमा नदेखिएको व्यहोरा सम्मानित सभामा जानकारी गराउन चाहन्छु यद्यपि चालु आ.व.को लागि रु. १ करोड ७५ लाख आन्तरिक आम्दानी प्रक्षेपण गरिएकोमा १ करोड ९३ लाख रुपैया संकलन भई लक्ष्य भन्दा बढि प्रगती देखिएको छ ।उक्त कार्यमा सहयोग गर्ने सम्पूर्ण राष्ट्रसेवक कर्मचारी तथा जनप्रतिनिधिहरुलाई हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु ।

**सभाध्यक्ष महोदय,**

विद्यमान अवसरहरूको सदुपयोग र चुनौतीहरूको सामना गर्ने गरी आर्थिक वर्ष २०८१/८२ को वार्षिक बजेट तथा कार्यक्रम तयार गरिएको छ । यो बजेटका उद्देश्यहरू देहाय बमोजिम रहेका छन्ः

**बजेटका उद्देश्यः**

- संविधान बमोजिम स्व-शासन, स्व-संचालन र स्व-व्यवस्थापन गरी विकेन्द्रीकरणका माध्यमबाट स्थानीय सरकारको सबलीकरण गर्नु,
- शैक्षिक संस्थाहरू, स्वास्थ्य संस्थाहरूको सबलीकरण, खानेपानी र सरसफाईमा सबैको समन्यायिक पँहुच मार्फत सशक्तीकरण र मानवीय विकास गर्नु,
- सुरक्षित नागरिक आवास सहित विपद् व्यवस्थापन तथा मानव अधिकारको प्रवर्द्धन गर्नु,
- कृषि तथा पशुपन्छी पालनमा व्यावसायीकरण र आधुनिकीकरण गरी स्वरोजगारीको सिर्जना मार्फत उद्यमशिलता र आत्मनिर्भरता हासिल गर्नु,
- गुणस्तरीय, सर्वसुलभ, दिगो र भरपर्दो पूर्वाधारहरूको विकास र विस्तार गर्नु,
- समावेशी शासन र विकासको अवधारणा मार्फत आर्थिक सामाजिक रूपान्तरण सामाजिक सुरक्षा र संरक्षण गर्नु,
- सिपयुक्त दक्ष जनशक्ति स्थानीय तहमा टिकाई राख्न स्वरोजगारमूलक क्षेत्रमा सार्वजनिक निजि साझेदारीयुक्त कार्यक्रम गरी मानवीय जीवनलाई सरल र सुखमय बनाउनु,
- विपद् व्यवस्थापन गर्दै वातावरणमैत्री विकास अवधारणा अवलम्वन गर्नु,
- आधुनिक सूचना तथा सञ्चार प्रविधि अवलम्बन गर्दै विभिन्न संस्थागत क्षमता विकासात्मक कार्यका माध्यमबाट जनशक्तिको मनोवल वढाई सुशासन कायम गर्नु ।

**बजेटका प्राथमिकता**

- आर्थिक, सामाजिक र भौतिक पूर्वाधारहरूको विकास तथा निर्माणलाई तीव्रता दिनु,
- स्वास्थ्य, शिक्षा तथा कृषि क्षेत्रको विकास मार्फत रोजगारी सिर्जना गर्ने गरी जीवनस्तरमा सुधार,
- स्वस्थ र प्रतिस्पर्धी समतामूलक समाजको निर्माण,
- उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, स्थानीय श्रोत साधनको अधिकतम उपयोग गरी उत्पादन र उत्पादकत्त्व बढाउने,
- जनसहभागितामा आधारित योजना तर्जुमा गरी जनताको लागत सहभागिता बढ़ाई योजना कार्यान्वयनमा स्थानीयको अपनत्त्व र दिगोपन कायम गर्ने,
- महिला, बालबालिका तथा पिछडिएको वर्ग, क्षेत्र र समुदायको सशक्तीकरण गर्ने,
- दिगो विकास वातावरणीय संरक्षण तथा संर्वद्धन गर्ने,
- विपद् व्यवस्थापन जोखिम न्यूनीकरण गर्ने ।

**सभाका सभाध्यक्ष महोदय,**

अब म यिनै उद्देश्य र प्राथमिकताहरूको सेरोफेरोमा रहेर तयार गरिएको आगामी आर्थिक वर्ष २०८१/८२ को आय तथा व्ययको अनुमान यस सम्मानित सभासमक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु।

**आर्थिक विकास**

*कृषि तथा पशु विकास तर्फः*

१६. कृषकहरुको मागमा आधारित **"पालिकाले सोचेको, कृषकले रोजेको कृषक प्रोत्साहन कार्यक्रम"** ५० प्रतिशत अनुदानमा यस वर्ष समेत निरन्तरता दिनका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

१७. हिउँदे बालीमा लाग्ने रोग किरा रोकथाम तथा नियन्त्रण कार्यक्रम, आलु तथा टमाटर बालीमा लाग्ने डढुवा नियन्त्रण कार्यक्रम, कृषि समूह/कृषि फर्मलाई हिउँदे तरकारी विउ वितरण कार्यक्रम, धान बालीमा लाग्ने रोगकिरा रोकथाम नियन्त्रण कार्यक्रमका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

१८. प्राविधिक कारणवश यस आ.व. मा सम्पन्न गर्न नसकिएको गजेडी हाट बजार व्यवस्थापन समूहका लागि **कोल्ड रूम निर्माण** कार्यका लागि **रू. १० लाख** विनियोजन गरेको छु ।यसबाट साना किसानहरुका कृषि उपजको भण्डारणमा सहज हुने अपेक्षा गरिएको छ ।

१९. ५० प्रतिशत अनुदानमा च्याउको बिउ वितरण कार्यक्रम, आधुनिक कृषि प्रविधि सम्बन्धी कृषक समूह, टोल तथा वडा लक्षित तालिम, धान र मकै बालीमा लाग्ने गवाँरो किराको नियन्त्रण कार्यक्रम, कृषि समूह/कृषि फर्महरूलाई वर्षे तरकारीको विउ वितरण कार्यक्रमको निरन्तरता दिएको छु ।

२०. ५० प्रतिशत अनुदानमा गहुँ तथा मकैको विउ वितरण कार्यक्रमका लागि **रू. १७ लाख ५० हजार** रुपैंया विनियोजन गरेको छु भने ५० प्रतिशत अनुदानमा सिँचाई सम्बन्धी यन्त्र उपकरण, वाटर पम्प वितरण कार्यक्रमका लागि **रू. ४ लाख ९० हजार** रुपैंया विनियोजन गरेको छु।

२१. उत्पादनमा आधारित हिंउदे तथा वर्षे घाँस खेतीमा अनुदान कार्यक्रमका लागि **रू. ८ लाख रुपैंया** विनियोजन गरेको छु ।

२२. पशुपंक्षी तथा मत्स्यपालक कृषकहरूका लागि मागमा आधारित यान्त्रिकीकरण औजारमा ५० प्रतिशत अनुदान कार्यक्रम, आन्तरिक तथा बाह्य परजिवि नियन्त्रणका लागि औषधि खरिद वितरण कार्यक्रम, पशुपंक्षी तथा मत्स्य रोगमा अत्यावश्यक रूपमा प्रयोग हुने औषधि

खरिद तथा वितरण कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

२३. पशुपंक्षीहरूलाई कृषकको घर-घरमा नै गएर खोप लगाउने कार्यक्रमलाई निरन्तरता दिएको छु भने यस वर्ष पशुपालकका समस्याहरुको स्थलगतरुपमै निराकरण गर्ने उद्देश्यका साथ **डोर टु डोर औषधि उपचार कार्यक्रम तथा घुम्ति शिविर** संचालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

२४. आगामी आ.व.मा पशु पालक कृषकहरुलाई उत्पादनमुखी कार्यक्रमा प्रोत्साहन गरी व्यावसायिक बनाउने उद्देश्यका साथ **"गाई भैंसीलाई सुत्केरी स्याहार तथा पोषण सुधारमा प्रोत्साहन कार्यक्रम"** कार्यान्वयन गरिने छ जसका लागि **रू. २० लाख** रुपैया विनियोजन गरेको छु ।

२५. यसै गरी कृषकहरुको वाली संरक्षण, प्रविधि विस्तार, विभिन्न सचेतनामुलक कार्यक्रम लगायत समग्र कृषि तथा पशुपंक्षि क्षेत्रको विकास गर्न **रू. १ करोड ५० लाख ४६ हजार रकम** विनियोजन गरेको छु ।

**श्रम तथा रोजगार कार्यक्रम तर्फः**

२६. रोजगारीको हक आधारभूत मौलिक अधिकार रहेको कुरा मनन गर्दै गरिब तथा विपन्न व्यक्तिहरूका लागि न्यूनतम १०० दिनको रोजगारी सिर्जनाका लागि **प्रधानमन्त्री रोजगार कार्यक्रम तथा रोजगार प्रवर्द्धन कार्यक्रम** अन्तर्गत मनोसामाजिक परामर्शकर्ता तथा वित्तिय साक्षारता कार्यक्रम तर्फ **रू. ६४ लाख ७७ हजार** रुपैया विनियोजन गरेको छु ।

२७. गाउँपालिकाभित्र गरिब तथा विपन्न समुदाय लक्षित समुदायमा लघु उद्यमशिलता प्रवर्द्धन गर्ने उद्देश्यले विभिन्न सिपमुलक कार्यक्रम संचालनका लागि **रू. ४९ लाख** रुपैया विनियोजन गरेको छु ।

२८. *यसरी कृषि, उद्योग तथा वाणिज्य, पर्यटन, सहकारी तथा रोजगारी सिर्जना लगायतका आर्थिक विकासका विभिन्न क्षेत्र समेट्ने गरी* ***कुल २ करोड ३५ लाख २३ हजार रूपैया*** *रकम विनियोजन गरेको छु ।*

## सामाजिक विकास

*शिक्षाः*

२९. गाउँपालिका मातहत रहेका सामुदायिक विद्यालयहरू श्री जनज्योति माध्यमिक विद्यालय, श्री लुम्बिनी ज्ञान निकेतन माध्यमिक विद्यालय, श्री ज्ञानोदय आधारभूत विद्यालय, श्री बालकल्याण आधारभूत विद्यालय, श्री सरस्वती माध्यमिक विद्यालय, श्री हिमालय आधारभूत विद्यालय, श्री भैंसाही माध्यमिक विद्यालय, श्री जनज्योति माध्यमिक विद्यालय, श्री दुर्गा माध्यमिक विद्यालय, श्री रूद्रपुर माध्यमिक विद्यालय तथा श्री शिवशक्ति आधारभूत विद्यालयहरूको विभिन्न पूर्वाधार निर्माण तथा मर्मत, फर्निचर खरिद तथा खेलकुद लगायतका पूर्वाधार व्यवस्थापन गर्न आवश्यक रकम विनियोजन गरेको छु ।

३०. स्थानीय सरकारको अधिकार क्षेत्र भित्र माध्यमिक तह शिक्षा मात्र रहेतापनि गाउँपालिकाभित्र रहेको एकमात्र पुरानो श्री हरैया बहुमुखी क्याम्पसलाई संरक्षण, सम्वर्द्धन तथा प्रवर्द्धन गर्ने नीति अनुरूप उक्त क्याम्पसको पूर्वाधार निर्माणका लागि **रू. ३० लाख** विनियोजन गरेको छु। त्यसैगरी यसै गाउँपालिकाभित्र रहेको नमूना विद्यालय श्री प्रगति माध्यमिक विद्यालयमा पूर्वाधार निर्माण तथा व्यवस्थापनका लागि **रू. २० लाख** विनियोजन गरेको छु ।

३१. विगत वर्षमा जस्तै विद्यार्थीहरूको प्रतिभा पहिचान तथा उजागर गर्ने उद्देश्यले संघीय सरकारसँगको साझेदारीमा **राष्ट्रपति रनिङ्ग शिल्ड** प्रतियोगिता तथा प्रतिभा सप्ताह संचालन लगायतका प्रतिस्पर्धात्मक कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

३२. स्थानीय विषय पाठ्यपुस्तक कक्षा १-८ लेखन कार्यदल र PRC तयारी, विद्यार्थी सिकाई उपलब्धी मूल्यांकन पुस्तिका कक्षा १-३ निर्माणका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

३३. आधारभूत/माध्यमिक विद्यालयस्तरीय अतिरिक्त क्रियाकलाप संचालन, माध्यमिक तहको पाठ्यक्रममा आधारित मूल विषयको विषयगत तालिम, प्र.अ. तथा लेखा सहायकहरूलाई आर्थिक कार्यप्रणाली सम्बन्धी तालिम लगायत सिपमूलक तालिम संचालनका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

३४. गरिब तथा विपन्न विद्यार्थीहरूलाई पठनपाठनमा आईपर्ने समस्या समाधानार्थ विभिन्न प्रकृतिका छात्रवृत्ति कार्यक्रमका लागि **रू. ४३ लाख २६ हजार** भने प्रारम्भिक बाल विकास सहजकर्ताहरूको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापन अनुदानमा **रू. ७८ लाख १ हजार** रुपैया विनियोजन गरेको छु ।

३५. सार्वजनिक विद्यालयका विद्यार्थीहरूका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान शीर्षकमा **रू. ६२ लाख ३१ हजार** विनियोजन गरेको छु तथा विद्यालयमा विद्यार्थीहरूको पौष्टिक आहार सुनिश्चितता गर्न दिवा खाजाका लागि **रू. ९७ लाख ४७ हजार** रुपैया विनियोजन गरेको छु।

३६. सामुदायिक विद्यालयका छात्राहरूलाई निःशुल्क स्यानेटरी प्याड व्यवस्थापनका लागि **रू. २६ लाख ९२ हजार** रुपैया विनियोजन गरेको छु ।

३७. संघीय सरकार विशेष अनुदान अन्तर्गत **हरैया माध्यमिक विद्यालयको भवन** निर्माणका लागि **रू. ३ करोड ५० लाख** रुपैया विनियोजन गरेको छु ।

३८. स्थानीय तहका लागि विद्यालय शिक्षा क्षेत्र योजना अन्तर्गत स्थानीयको साझेदारीमा विद्यालय भवन निर्माण अनुदानका लागि **रू. ५५ लाख** रुपैया विनियोजन गरेको छु ।

३९. प्रदेश सरकार विशेष अनुदान अन्तर्गत श्री दुर्गा माध्यमिक विद्यायको शाखा ब्लक सुन्दरनगरको तल्ला थपका लागि **रू. १५ लाख** रूपैंया तथा प्रदेश सरकार शसर्त अनुदान अन्तर्गत श्री ज्ञानज्योति आधारभुत विद्यालयको कम्पाउण्ड वाल निर्माण कार्यका लागि **रू. १५ लाख** रकम विनियोजन गरेको छु ।

४०. गाउँपालिकाको शिक्षाको अधिकारलाई सुनिश्चितता गर्न तथा समग्र शिक्षा क्षेत्रको गुणस्तर अभिवृद्धिका लागि **रु. २३ करोड ९० लाख ८५ हजार** विनियोजन गरेको छु ।

*युवा तथा खेलकुद*

**४१.** प्रदेश सरकार शसर्त अनुदान अन्तर्गत वडा नं. ५ मा रहेको **कभर्ड हलको अपुरो भवन** निर्माण कार्य तथा वडा नं. ४ मा रहेको **अस्नैया युवा क्लबको कम्पाउण्डमा वाल** निर्माण कार्यका लागि **रू. २०/२० लाख रूपैंयाका** साथै युवाहरूलाई सिर्जनात्मक कार्य, बैठक, अन्तरक्रिया तथा छलफल गर्न वडा नं. ४ मा **युवा लक्षित भवन निर्माणका** लागि **रू. १५ लाख** बजेट विनियोजन गरेको छु ।

*स्वास्थ्य*

४२. ज्येष्ठ नागरिकसँग अध्यक्ष कार्यक्रम सँगै एकीकृत स्वास्थ्य सेवा कार्यक्रम अन्तर्गत **घरघरमा स्वास्थ्यकर्मी परिचालन कार्यक्रम**लाई निरन्तरता दिएको छु ।

४३. सुत्केरीसँग उपाध्यक्ष कार्यक्रममा कञ्चन गाउँपालिका भित्रका प्रशुती केन्द्रमा सुत्केरी हुन आउने कञ्चनका आमाहरूलाई पोषण खर्च र नगद वापत **रु.१००० का** दरले वितरण गर्ने कार्यक्रमलाई निरन्तरता दिएको छु । यसका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

४४. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको मनोबल उच्च राख्न विभिन्न कार्यक्रम संचालनमा ल्याएको छु ।यस अन्तर्गत क्षमता अभिवृद्धि तालिम, अध्ययन अवलोकन भ्रमण, अक्षय कोषमा रकम थप लगायत महिला स्वास्थ्य स्वयंसेविका दिवस तथा सम्मान कार्यक्रम संचालनका लागि **रू. ९ लाख ८० हजार** रुपैया विनियोजन गरेको छु ।

४५. नागरिकको स्वास्थ्यप्रति कञ्चन गाउँपालिका संवेदनशिल रहेको विषय जानकारी गराउन चाहन्छु । सम्पूर्ण कञ्चनबासीलाई सामुदायिक तथा निजी अस्पतालहरूमा उपचार गर्दा आवश्यक रगत निःशुल्क दिने कार्यलाई निरन्तरता दिएको छु । यसका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

४६. **जिरो होम डेलिभरी**, कञ्चन गाउँपालिकाभित्र रहेका HIV संक्रमितहरूलाई सहयोग, आय आर्जनका कार्यक्रम, लायन्स क्लबको सहकार्यमा मोतिया विन्दुको ५ वटै वडामा स्क्रिनिङ्ग तथा निःशुल्क अप्रेशनको व्यवस्था लगायत कार्यक्रम संचालन गरिनेछ । यस्ता कार्यक्रमहरूका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

४७. मातृ तथा नवजात शिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, रक्त संचार, न्यानो झोला, सुरक्षित निःशुल्क गर्भपतन र नवजात शिशुको निःशुल्क उपचार कार्यक्रमका लागि **रू. १९ लाख** रुपैया विनियोजन गरेको छु ।

४८. महामारी रोग नियन्त्रण कार्यक्रम, क्षयरोग नियन्त्रण कार्यक्रमका लागि आवश्यक रकम तथा उपचारात्मक सेवा कार्यक्रम अन्तर्गत निःशुल्क औषधि खरिद तथा वितरण कार्यक्रमका लागि **रू. २१ लाख ६१ हजार** रुपैया विनियोजन गरेको छु ।

४९. स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम अन्तर्गत मृगौला प्रत्यारोपण गरेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका विरामीहरूलाई औषधि उपचार खर्च बापत मासिक **५ हजारका** दरले गाउँपालिकाबाटै सम्बन्धित व्यक्तिको खातामा भुक्तानी हुने गरी रकम उपलब्ध गराईनेछ । जसका लागि **रू. २७ लाख ३५ हजार** रुपैया विनियोजन गरेको छु ।

५०. समग्र स्वास्थ्य क्षेत्रको सुधार गर्दै स्वास्थ्यको अधिकार सुनिश्चितताका लागि **रू. ३ करोड ५ लाख ६६ हजार ६ सय ५०** रुपैया विनियोजन गरेको छु ।

## महिला तथा बालबालिका

५१. आर्थिक रूपमा विपन्न अपाङ्ग भएका व्यक्तिहरूलाई आवश्यक सहायक सामग्री खरिद तथा वितरण, किशोर किशोरीहरूलाई आत्मरक्षा तथा प्रजनन स्वास्थ्य सम्बन्धी कार्यक्रमका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

५२. सामाजिक सूचना व्यवस्थापन प्रणाली सम्बन्धी पोर्टल संचालनका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

५३. बाल विकास कार्यक्रम अन्तर्गत बाल उद्यान निर्माणको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

५४. यसरी समग्र रूपमा **लैंङिग समानता तथा सामाजिक समावेशीकरण** शीर्षकमा विभिन्न कार्यक्रम तथा योजनाहरूको कार्यान्वयनका लागि **रू. १ करोड ६ लाख ७५ हजार** रकम विनियोजन गरेको छु ।

## धर्म संस्कृति

५५. स्थानीय धर्म संस्कृति संरक्षण संबर्द्धन गर्नु गाउँपालिकाको अधिकार तथा दायित्त्व अन्तर्गत पर्दछ । विविध धार्मिक आस्था राख्ने समुदायको धर्म तथा संस्कृति संरक्षण कार्य अन्तर्गत कर्मा टसि छुलिङ गुम्बाको मञ्च निर्माण, मैत्री बौद्ध बिहारको गेट तथा तारजाली निर्माण, ओम शिव दुर्गा मन्दिरको अधुरो निर्माण कार्य सम्पन्न गर्न, राम मन्दिरमा अग्नि कुण्ड निर्माण, जलेश्वर धाममा संरचना निर्माण लगायत कार्यका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

५६. गाउँपालिकास्थित नेवार समुदायको सामुदायिक भवन निर्माणका लागि **रू. ११ लाख** तथा थारु संग्रालय र मगर संग्रालय निर्माणका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

**५७.** ***यसरी समग्र सामाजिक विकास तर्फ रू. २९ करोड ९८ लाख २१ हजार ६ सय ५० रूपैयां विनियोजन गरेको छु ।***

## भौतिक पूर्वाधार

५८. निर्मित सडक पूर्वाधारहरूको दिगोपनाका लागि नियमित मर्मत संभार गरिनेछ भन्ने उद्देश्य अनुरूप निर्मित सडकहरूको मर्मत संभार कार्यका लागि **रू. १ करोड** रकम विनियोजन गरेको छु, जसबाट

पुरानो समयमा कालोपत्रे भई हाल जिर्ण अवस्थामा रहेका सडकहरु पहिलेकै अवस्थामा रही संचालन हुनेछन ।

५९. गाउँपालिकाभित्रका कुनै पनि समयमा गर्नुपर्ने आकस्मिक पूर्वाधार निर्माणका लागि **रू. ३० लाख** तथा सडकहरुको सौन्दर्यीकरण गरी दुर्घटना न्युनीकरण गर्ने उद्देश्यका साथ निर्मित मुख्य-मुख्य सडकहरूमा ट्राफिक संकेत जडान तथा सडक मार्किङ कार्यका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

६०. **"उज्यालो कञ्चन"** कार्यक्रम अन्तर्गत नेपाल विद्युत प्राधिकरणको सह लगानीमा वडा नं. ३ को हरैया देखि वडा नं. ५ को गरगरेसम्म स्मार्ट सडक वत्तीको जडान प्रक्रिया थालनी गर्नका लागि **रू. २० लाख** बजेट विनियोजन गरेको छु ।

६१. जुनतारा चोकदेखि रूद्रपुर माविसम्म सडक स्तरोन्ती, फायरलाइन टोलमा नाली निर्माण, चापा मन्दिर चोकदेखि पूर्व तर्फ गाउँपालिका जाने सडक हेभी ग्राभेल गर्ने कार्यका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

६२. गाउँपालिकाको वडा नं. १ **लौसा राना चोकदेखि सानो उकाली चोक**सम्म सडक कालोपत्रेका लागि **रू. २० लाख**, वडा नं. २ को **कुट्टा चोकदेखि गजेडी बजारसम्म सडक कालोपत्रेका लागि रू. १ करोड**, वडा नं. ३ को **मुनाल चोकदेखि दुर्गा मन्दिर जाने सडक कालोपत्रेका लागि रू. ५० लाख** तथा वडा नं. **५ स्थित संगम पथ सडक कालोपत्रे** गर्ने कार्यका लागि **रू. २० लाख रकम** विनियोजन गरेको छु ।

६३. गाउँपालिकाले संघीय सरकारको सहकार्यमा पूर्वाधार विकासमा लगानी गर्ने नीति बमोजिम संघीय सरकार समपुरक अनुदान अन्तर्गत **लौसा देखि कुचेरा चोक, दानापुर हुँदै फायर लाईन सम्म जोड्ने सडक**

निर्माण कार्यका लागि **रू. ९० लाख संघीय सरकार र ९० लाख १ हजार** गाउँपालिकाको श्रोत गरी जम्मा **रू. १ करोड ८० लाख १ हजार** रुपैया विनियोजन गरेको छु।

६४. त्यसै गरी प्रदेश सरकारसँगको सहकार्यमा खैजडी टोल देखि दियो हुँदै बेलडाँडा जोड्ने सडक कालोपत्रेका लागि प्रदेश सरकारको ७० **लाख र गाउँपालिकाको ७० लाख १ हजार** गरी जम्मा **रू. १ करोड ४० लाख १ हजार** विनियोजन गरेको छु ।

६५. वडा नं. ५ स्थित **वृन्दावन सडक हेभी ग्राभेल**का लागि **रू. १५ लाख** रकम विनियोजन गरेको छु साथै वडा नं. १ को **प्रगति मावि हुँदै कुटी टोल जाने सडकमा कल्भर्ट निर्माणका** लागि आवश्यक रकम विनियोजन गरेको छु ।

६६. वडा नं. १ को वडा कार्यालय, तथा वडा नं. ५ को वडा कार्यालयको कम्पाउण्ड वाल निर्माण कार्यका लागि क्रमश: **रू. ६ लाख** र **१५ लाख** रकम विनियोजन गरेको छु ।

६७. सडक बोर्ड, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र लगायत विभिन्न निकायसँगको सहकार्यमा विकासात्मक क्रियाकलाप सञ्चालन गर्ने नीति अनुरूप म्याचिङ फण्डमा रू. ५० लाख रकम विनियोजन गरेको छु ।

६८. वडागत तहमा समेत आकस्मिक पूर्वाधार निर्माणको अधिकार वडा समितिमै रहने गरी वडा समितिको निर्णयानुसार आवश्यक परेको स्थानमा पूर्वाधार निर्माण गर्ने गरी प्रत्येक वडालाई आवश्यक रकम विनियोजन गरेको छु ।

**६९.** ***यसरी समग्र पूर्वाधार विकास तर्फ रू. ११ करोड ५६ लाख ८० हजार रकम विनियोजन गरेको छु ।***

## वन, वातावरण तथा विपद् व्यवस्थापन

७०. वन तथा वातावरण संरक्षण स्थानीय तहको अधिकार तथा कर्तव्य अन्तर्गत पर्ने कुरालाई मनन गर्दै वातावरण संरक्षण सँगै स्थानीय वन प्रवर्द्धन र वनबाट आयआर्जन गर्ने हेतुले **समृद्धिका लागि वन कार्यक्रम** अन्तर्गत **रू. ३५ लाख** रुपैया विनियोजन गरेको छु ।

७१. ढावाताल व्यवस्थापन लगायतका कार्यक्रमका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

७२. यसरी वन तथ भू-संरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण, जलवायु परिवर्तन, फोहोरमैला तथा ढल व्यवस्थापन, जलउत्पन्न प्रकोप नियन्त्रण लगायत समग्र रूप्मा **वातावरण तथा विपद् व्यवस्थापन** शीर्षकमा **रू ४५ लाख** रूपैया बजेट विनियोजन गरेको छु ।

## सार्वजनिक सेवा प्रवाह तथा सुशासन

## सूचना प्रविधि

७३. गाउँपालकाको सेवा प्रवाह थप सूचना प्रविधिमैत्री बनाउन विभिन्न कार्यक्रम संचालनमा ल्याईने छ, गाउँपालिकामा सर्भर सेटप, गाउँपालिका र मातहतका कार्यालयहरूमा ईन्टरनेट सेटप तथा व्यवस्थापन, ईन्टरकम सेटप, सि.सि.टि.भि जडान तथा व्यवस्थापन लगायत विभिन्न कार्यक्रमका लागि **रू. ३० लाख** रूपैंया रकम विनियोजन गरेको छु ।

## शान्ति सुरक्षा

७४. कञ्चनवासीको जिउधनको सुरक्षा गर्न गाउँपालिका संवेदनशिल रहँदै आएको छ, गाउँपालिकाका मुख्य-मुख्य चोकहरूमा सि.सि.टि.भि. जडान तथा जडान भएका सि.सि.टि.भि हरुको नियमित मर्मत संभार,

वडा नं. ३ मा रहेको प्रतापपुर प्रहरी चौकीमा घेराबार तथा रूद्रपुर इलाका प्रहरी कार्यालयमा महिला कक्ष भवन र अन्य पूर्वाधार निर्माण कार्यका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

## संस्थागत सुशासन तथा सेवा प्रवाह

७५. कर्मचारी तथा जनप्रतिनिधिहरुको क्षमता विकास गरी छिटो, छरितो, गुणस्तरीय र नागरिकमैत्री सेवा प्रवाह गर्ने उद्देश्यले कार्यसम्पादनमा निखारता ल्याउनका लागि विभिन्न विषय विशेषज्ञ मार्फत आवधिक रुपमा क्षमता अभिवृद्धि तथा उत्प्रेरणात्मक तालिमको व्यवस्था गरिनेछ जसको लागि यथेष्ट बजेटको व्यवस्था गरेको छु ।

७६. विभिन्न स्थानीय तहमा भए गरेका कार्यहरुको अध्ययन अवलोकन गरी असल अभ्यासहरुको यस स्थानीय तहमा समेत अनुसरण गरी लागु गर्ने उद्देश्यका साथ अन्तर स्थानीय तह अध्ययन अवलोकन भ्रणका लागि समेत बजेटको व्यवस्था गरिएको छ ।

७७. कर्मचारीहरुको मनोबल उच्च राखी कार्यसम्पादनमा उच्च उत्प्रेरणा ल्याउनका लागि कार्यालय समयका अतिरिक्त काम गर्ने कर्मचारीहरुलाई नीति तथा कार्यक्रममा उल्लेख भए बमोजिम कार्यालय प्रमुखबाट प्रमाणित अभिलेख अनुसार सभाबाट पारित मापदण्ड बमोजिम अतिरिक्त समय भत्ताको व्यवस्थाको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

७८. गाउँपालिकाको स्वीकृत संगठन संरचना र व्यवस्थापन सर्वेक्षण बमोजिम कार्यरत करारका कर्मचारीहरुको समय सापेक्ष तलब वृद्धि गर्ने उद्देश्यका साथ आवश्यक बजेट विनियोजन गरेको छु ।

७९. कर्मचारी तथा जनप्रतिनिधिबाट नागरिकका लागि छिटो छरितो र सर्वसुलभ सेवा प्रवाहका लागि कुनै पनी बाधा व्यवधान सिर्जना नहोस

भन्ने उद्देश्यका साथ प्रशासनिक तथा कार्यालय संचालन तर्फ आवश्यक बजेट विनियोजन गरेको छु ।

८०. यसरी समग्र रूपमा **संस्थागत विकास, सेवा प्रवाह र सुशासन तर्फ जम्मा १२ करोड ८५ लाख ९६ हजार** रूपैया बजेट विनियोजन गरेको छु ।

**न्यायिक समिति**

८१. मेलमिलाप केन्द्रहरूमा मेलमिलापको लागि बस्ने छलफल बैठक (५ वटै वडाको लागि) संचालन खर्च, मेलमिलापकर्ताहरू तथा न्यायिक समितिका सदस्यहरूको लागि पुनर्ताजगी तालिम, मेलमिलाप केन्द्रहरूको व्यवस्थापन खर्च लागयतका कार्यक्रमका लागि **रू. १० लाख ५० हजार** रुपैया विनियोजन गरेको छु ।

**भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासी**

८२. भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासीलाई जग्गाधनी प्रमाण पुर्जा वितरणमा देखिएको कानूनी जटिलता समाधानका लागि सरोकारवालाहरूसँगको सहकार्य गरी गाउँपालिकाका भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासीको जग्गा नापजाँच तथा लाल पुर्जा वितरण गर्ने गाउँपालिकाको नीति अनुरूप सो कार्य सम्पन्न गर्नका लागि **रू. ५० लाख** रकम विनियोजन गरेको छु ।

**सभाध्यक्ष महोदय,**

अब म कञ्चन गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८१/८२ का लागि प्रस्तावित राजस्व र व्ययको अनुमानित विवरण यस सम्मानित सभा समक्ष पेश गर्न चाहन्छु -

८३. आगामी आर्थिक वर्ष २०८१/८२ का लागि गाउँपालिकाको कुल बजेट मध्ये अधिकांश बजेट संघीय सरकार प्राप्त हुने अन्तर सरकारी वित्तीय हस्तान्तरण नै हो । गाउँपालिकाको आन्तरिक आय व्यवस्थापनका लागि नेपालको संविधान, २०७२ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकाले लगाउन र संकलन गर्न पाउने कर, दस्तुर, शुल्क समेतका आधारहरू उपलब्ध भए बमोजिम गत आर्थिक वर्षमा स्वीकृत गरी निर्धारण गरिएको कर दस्तुर शुल्कका दर तथा क्षेत्रहरूलाई केही संशोधन गरी आगामी आर्थिक वर्षको बजेट प्रस्ताव गरेको छु ।

८४. कुल आय तथा व्ययको स्रोत र क्षेत्रगत विवरण निम्नानुसार रहेको छ —

सभामा प्रस्तुत आगामी आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम कार्यान्वयन गर्न आन्तरिक श्रोत, संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण सहित जम्मा **रु. ५७ करोड २१ लाख २० हजार ६ सय ५०** आय हुने अनुमान गरिएको छ। उपरोक्त आम्दानी रकमबाट

- चालु तर्फ **रु. ३७ करोड ६७ लाख ९० हजार ६ सय ५०** रुपैया (६५.८६ प्रतिशत) खर्च हुने अनुमान गरिएको छ भने,
- पूँजिगत तर्फ **रु. १९ करोड ५३ लाख ३० हजार** (३४.१४ प्रतिशत) खर्च हुने अनुमान छ ।

**८५.** आगामी आर्थिक वर्ष २०८१/८२ को प्रस्तावित आय संकलन व्यवस्थापन तर्फ निर्धारण गरिएका करका दर रेट समेतका आय स्रोतहरूको विस्तृत विवरण कञ्चन गाउँपालिकाको प्रस्तावित आर्थिक विधेयक, २०८१ र गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८१/८२ मा कार्यान्वयन गर्न प्रस्तावित गरेका योजना/आयोजना/परियोजना/कार्यक्रमहरूको विस्तृत विवरण गाउँपालिकाको विनियोजन विधेयक, २०८१ मा समावेश गरेको

छ । गाउँपालिकाले आगामी आ.व. २०८१/८२ का लागि अनुमान गरिएको खर्च वेहोरिने स्रोतहरू देहाय बमोजिम रहेका छन्ः

- आन्तरिक आम्दानी- रु.२ करोड ५० लाख रूपैया हुने प्रक्षेपण गरिएको छ भने
- नेपाल सरकारवाट प्राप्त वित्तीय समानीकरण अनुदान रु. १२ करोड ८ लाख,
- यसैगरी संघीय राजश्व बाँडफाँड रु. ९ करोड २३ लाख रूपैयाको अनुमान रहेको छ भने
- घरजग्गा रजिष्ट्रेशन दस्तुर वापत रु. ७५ लाखको अनुमान प्रक्षेपण गरिएको छ
- संघीय समपूरक अनुदान अन्तर्गत रु. ९० लाख,
- संघीय सरकार विशेष अनुदान रु. ३ करोड ५० लाख,
- संघीय सरकार सशर्त अनुदान रु २१ करोड ५१ लाख,
- प्रदेश सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान रु ८२ लाख १७ हजार रूपैया हुने प्रक्षेपण गरिएको छ
- प्रदेश सरकार राजश्व बाँडफाँड रु ३९ लाख २० हजार,
- प्रदेश सरकार शसर्त अनुदान रु. ७० लाख,
- प्रदेश सरकार विशेष अनुदान १५ लाख,
- प्रदेश सरकार समपुरक अनुदान रु. ७० लाख
- सडक बोर्ड नेपाल बाट रु ३० लाख प्राप्त हुने अनुमान रहेको छ ।
- साथै विनियोजित खर्चहरुको श्रोत पूर्तिका लागि चालु आ.व. को खर्च पश्चात रु. **३ करोड ६७ लाख ५९ हजार** नगद मौज्दात रहने प्रक्षेपण गरिएको छ ।

**श्रद्धेय सभाका सभाध्यक्षज्यू,**

**सभाका सदस्यज्यूहरू,**

८६. अन्तमा, सबैको सकारात्मक प्रयास, अर्थपूर्ण र साझेदारीयुक्त सहयोगबाट मात्र वजेट कार्यान्वयनमा सफलता प्राप्त हुने कुरामा दुईमत हुन सक्दैन। तसर्थ प्रस्तुत बजेट कार्यान्वयन, अनुगमन, मूल्यांकनमा सम्पूर्ण जनप्रतिनिधिहरू, राष्ट्रसेवक कर्मचारीहरू वुद्धिजिवीहरू, राजनैतिक दल, सरकारी, गैर-सरकारी संघ संस्थाहरू, उद्योगी व्यवसायीहरू, नागरिक समाज, उपभोक्ता समिति, टोल विकास संस्था लगायत सरोकारवाला सम्पूर्णवाट महत्त्वपूर्ण र सार्थक सहयोग प्राप्त हुने अपेक्षा गरेको छु । वजेट तथा कार्यक्रम तर्जुमामा सहयोग पुऱ्याउनु हुने सम्पूर्ण कार्यपालिका सदस्यज्यूहरू, विषयगत समितिका सदस्यज्यूहरू, गाउँसभाका सदस्यज्यूहरू एवं राष्ट्रसेवक कर्मचारीहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु । प्रस्तुत वजेट र संलग्न आयोजना तथा कार्यक्रमहरूलाई यस सम्मानित सभावाट स्वीकृत हुनेछ भन्ने अपेक्षा गरेको छु ।

**धन्यवाद**

**मौसमी थापा मगर**

**उपाध्यक्ष**

# कञ्चन गाउँपालिकाको आर्थिक विधेयक, २०८१

## कञ्चन गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

**प्रस्तावनाः** कञ्चन गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम कञ्चन गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम **"कञ्चन गाउँपालिकाको आर्थिक ऐन, २०८१"** रहेको छ ।

(२) यो ऐन २०८१ साल श्रावण १ गतेदेखि कञ्चन गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पत्ति करः** गाउँपालिकाका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम सम्पत्ति कर/घरधुरी कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमिकर (मालपोत):** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमिकर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा सम्झौता रकमको १० प्रतिशतका दरले घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (३) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **कवाडी संकलन करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले कवाडी माल बस्तुको व्यावसायिक कारोवार गरेवापत अनुसूचि (४) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **सवारी साधन करः** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (५) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (६) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **मनोरन्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (७) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. **बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका हाटबजारहरुमा गाउँपालिकाद्वारा व्यवस्थित गरी ठेक्का आव्हान गर्ने प्रयोजनका लागि राजश्व परामर्श समितिको सिफारिसको आधारमा कार्यापालिकाबाट निर्णय गरी सोही व्यवस्था अनुसार बहाल बिटौरी शुल्क निर्धारण गरिनेछ र असूल उपर गरिनेछ ।

११. **सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूची ८ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवा तथा वेदर्ता जग्गा उपयोग गरेबापत सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१२. **कर छुट तथा जरिवानाः** (१) यस ऐन बमोजिम कर तिर्ने दायित्त्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

(२) यस ऐन र प्रचलित कानुन बमोजिमको कर समयमा नबुझाएमा वा गाउँपालिकाको नियम पालना नगरेमा अनुसूची-९ बमोजिमको जरिवाना असुल उपर गरिनेछ ।

१३. **कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ ।

१४. **बाधा अड्काउ फुकाउने अधिकारः** यस ऐन बमोजिम निर्धारण गरिएका कर तथा शुल्कहरु सम्बन्धमा द्विविधा उत्पन्न भएमा सो सम्बन्धी निर्णय गरी बाधा अड्काउ फुकाउने अधिकार कार्यपालिकालाई प्रदान गरिएको छ ।

१५. **यसै ऐन बमोजिम भएको मानिनेः यस ऐन जारी हुनुभन्दा अघि भए गरेका कर संकलन तथा** शुल्क सम्बन्धी व्यवस्था यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

१६. **खारेजीः** २०८१ श्रावण १ गतेदेखि कञ्चन गाउँपालिकाको आर्थिक ऐन २०८० स्वतः खारेज हुनेछ।
साथै यस ऐनमा उल्लेख भएका व्यवस्थाहरु संघीय र प्रदेश कानुनसँग बाझिएमा बाझिएको हद सम्म अमान्य हुनेछ ।

# अनुसुचि-१
## (दफा २ सँग सम्बन्धीत)

| विभिन्न प्रकारका धुरीकरहरु | | |
|---|---|---|
| **क्र.सं.** | **शीर्षक** | **दर** |
| १ | धुरीकर खर | ५० |
| २ | धुरीकर खपडा/टाली/टिन | १०० |
| ३ | धुरीकर पक्कि घर | ३०० |
| ४ | धुरीकर पक्की घर १ तला माथी प्रत्येक तला थप | २०० |
| **अव्यवस्थित जग्गाको न्यूनतम मूल्याङ्कन देहाय बमोजिम कायम गर्ने** | | |
| ५ | सालझण्डी पानीटंकी बेलडांडा बनकसिया सरकारी बोरीङ्ग हुदै गैडहवा ताल जाने सडक मोहडाका जग्गा प्रति कठ्ठा | रु.४00000 |
| ६ | बनकसिया गरगरे भैसाही कोठी पुल सडक मोहडाका जग्गा प्रति कठ्ठा | रु.३00000 |
| ७ | वरपिपल चोक देखि पुर्तिघाट हुँदै रुद्रपुर मा वि हुदै धौलागिरी चोक सडक मोहडाका जग्गा प्रति कठ्ठा | रु.४00000 |
| ८ | हरैया झलवा पच्चिस वगिया सडक मोहडाका जग्गा प्रति कठ्ठा | रु.४00000 |
| ९ | पिपरीचापा चौपारी हुदै घनश्याम चोक सम्मको सडक मोहडाका जग्गा प्रति कठ्ठा | रु.३00000 |
| १० | पिपरीचापा -भैसाही- पच्चिस वगिया सडक मोहडाका जग्गा प्रति कठ्ठा | रु.३00000 |
| ११ | लौसा कुचेरा दानापुर सडक मोहडाका जग्गा प्रति कठ्ठा | रु.३00000 |
